"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा "

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड २) ताप्लेजुङ, प्रदेश नम्बर १, नेपाल, आषाढ १५ गते २०७७ साल (संख्या २

## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरीएको छ ।

सम्वत् २०७७ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. २

# सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**प्रमाणीकरण मिति : २०७७।०३।११**

**प्रस्तावना** : गाउँपालिकाको प्रत्येक वडाभित्रको सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने इच्छुक एक/एक जना विद्यार्थीहरुलाई गाउँपालिकाकै पूर्ण छात्रवृत्तिमा कृषि र पशु विज्ञान विधा तथा अन्य प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक शिक्षा उपलब्ध गराउन,

गाउँपालिकाको पूर्ण छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुले अध्ययन अवधि समाप्त भए पश्चात् कम्तीमा एक वर्ष अनिवार्यरुपमा आफ्नै वडामा रही कृषि र पशु विकास तथा अन्य प्राविधिक सम्बन्धी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन तथा गाउँपालिकाले उपलब्ध गराउने छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित र पारदर्शी तुल्याउन समेत वाञ्छनीय देखिएकाले,

सिरीजङ्घा गाउँपालिकाको मिति २०७६ साल फागुन २९ गते सम्पन्न नियमित गाउँ सभा अधिवेशन (छैठौं) को दोस्रो तथा अन्तिम बैठकको निर्णय नम्बर (६) ले गरेको निर्णय कार्यान्वयन गर्न सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०७७।०३।०८ गते बसेको बैठकले यो कार्यविधिको तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** रहेको छ।

(२) यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भए पछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"कार्यपालिका"** भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङलाई सम्झनु पर्छ।

(ग) **"कार्यविधि"** भन्नाले सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनु पर्छ।

(घ) **"गाँउपालिका"** भन्नाले सिरीजङ्घा गाँउपालिका, ताप्लेजुङलाई सम्झनु पर्छ।

(ङ) **"छात्रवृत्ति"** भन्नाले गाउँपालिका क्षेत्रभित्रका वडाभित्र रहेका सामुदायिक विद्यालयहरुमध्येबाट प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने इच्छुक एक/एक जना विद्यार्थीलाई गाउँपालिकाकै पूर्ण छात्रवृत्तिमा कृषि र पशु विज्ञान विधा तथा अन्य प्राविधिक विधामा उपलब्ध गराइने आवास सहितको निःशुल्क छात्रवृत्ति सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिरीजङ्घा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"वडा"** भन्नाले सिरीजङ्घा गाँउपालिका मातहतका वडालाई सम्झनु पर्छ ।

(ज) **"विद्यार्थी"** भन्नाले गाउँपालिका क्षेत्रभित्रको प्रत्येक वडाभित्रका सामुदायिक विद्यालयहरुमध्येबाट प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याई यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न चाहने सिरीजङ्घा गाँउपालिका स्थायी ठेगाना भएको विद्यार्थीलाई सम्झनु पर्छ र, सो शब्दले कुनै वडामा उपर्युक्त बमोजिमको विद्यार्थी नभएमा अन्यत्र स्थानको सामुदायिक तथा निजी विद्यालयबाट सोही शैक्षिक सत्रको एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने वडाभित्र स्थायी बसोबास भएको विद्यार्थीलाई समेत सम्झनु पर्छ ।

(झ) **"सभा"** भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ञ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा (६) मा उल्लेख गरिएको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) **"शिक्षण संस्था"** भन्नाले कृषि र पशु विज्ञान विधा तथा अन्य प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक शिक्षा अध्यापन गराउने नेपाल सरकार वा प्रदेश सरकारको कुनै आधिकारिक शिक्षण संस्था वा नेपाल सरकार वा प्रदेश सरकारबाट सम्बन्धन प्राप्त शिक्षण संस्था वा नेपाल सरकार मातहतको सि.टि.इ.भि.टि. वा सि.टि.इ.भि.टि. बाट सम्बन्धन प्राप्त शिक्षण संस्था वा तालिम प्रदायक निकायलाई समेत सम्झनु पर्छ ।

**३. छात्रवृत्ति प्रदान गरिने :** (१) गाउँपालिकाले सभाबाट स्वीकृत छात्रवृत्ति कार्यक्रम बमोजिम प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने इच्छुक विद्यार्थीलाई यस कार्यविधिको अधीनमा रही कृषि र पशु विज्ञान विधा तथा अन्य प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक शिक्षा छात्रवृत्ति उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिमको विषयमा उपलब्ध गराइने छात्रवृत्तिको संख्या सभाले तोकेको संख्या बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम सभाबाट संख्या नतोकिएको अवस्थामा सभाद्धारा छात्रवृत्ति कार्यक्रमका लागि विनियोजित बजेट भित्रको सीमामा रही कार्यपालिकाले निर्धारण गरेको संख्या कायम हुनेछ ।

(३) छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि उपदफा (२) तथा उपदफा (३) बमोजिम संख्या समेतको निर्धारण भई सकेपछि शिक्षण संस्थासँग गाउँपालिकाका अध्यक्षले आपसी MoU गर्नु पर्नेछ ।

४. **छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता** : देहायको योग्यता भएका विद्यार्थीले यस कार्यविधिको अधीनमा रही छात्रवृत्ति प्राप्त गर्न सक्नेछन् :-

(क) कृषि र पशु विज्ञान विधा तथा अन्य प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको प्राविधिक शिक्षा अध्ययन गर्न शिक्षण संस्थाबाट निर्धारित आवश्यक न्यूनतम योग्यता,

(ख) गाँउपालिकाको स्थायी बासिन्दा, र

(ग) कुनै कानूनले अयोग्य नभएको ।

५. **छात्रवृत्ति रद्ध गरिने** : देहाय बमोजिमको कुनै पनि अवस्थामा समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सक्नेछ :-

(क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले भुठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पूरा नगरेमा वा अध्ययन बीचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी शिक्षण संस्थाले कार्यालयलाई लिखित जानकारी गराएमा कार्यपालिकाको निर्णय बमोजिम ।

६. **छात्रवृत्ति व्यवस्थापन समिति** : (१) छात्रवृत्ति सम्बन्धि कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवम् व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत, | संयोजक |
| (ख) कार्यपालिका मातहतको सामाजिक विकास समिति संयोजक, | सदस्य |
| (ग) कार्यालयको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख, | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधिको व्यवस्था प्रतिकुल नहुने गरी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

७. **<u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>** : यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) छात्रवृत्ति कार्यक्रम शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी छात्रवृत्ति प्रदान गरिने विषय र संख्या एकीन गरी कार्यपालिकामा सिफारिस गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्नका लागि योग्य विद्यार्थी छनोट गर्ने,

(घ) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,

(ङ) यस कार्यविधिको उद्धेश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय परामर्श उपलब्ध गराउने ।

८. **<u>छनोटको लागि सूचना प्रकाशन गर्ने</u>** : (१) वडाले एस.ई.ई. को नतिजा सार्वजनिक भए पश्चात् कम्तीमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य विद्यार्थीबाट आफ्नो वडाभित्र रहेका सामुदायिक विद्यालय (मा.वि.स्तर) मार्फत प्रत्येक वर्ष दरखास्त आव्हान गर्नु पर्नेछ ।

(२) खास अवस्थामा वडाको सिफारिसमा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ :-

(क) छात्रवृत्ति प्रदान गरिने विधा/विषय र तह,

(ख) प्रत्येक विधा/विषयमा प्रदान गरिने छात्रवृत्तिको संख्या,

(ग) समितिले निर्धारण गरेको दरखास्तको ढाँचा,

(ङ) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,

(च) दरखास्त बुझाउनु पर्ने स्थान,

(छ) समितिले आवश्यक ठहर्याएका अन्य विषयहरु ।

(४) समितिले समेत एकमुष्टरुपमा सबै वडामा उपलब्ध गराइने छात्रवृत्तिको विधा र संख्या समेतको सूचना कार्यालयबाट प्रकाशन गर्नेछ र, यसरी प्रकाशन गरिने सूचना कार्यपालिकाको वेभसाइटबाट समेत प्रकाशन गर्नु पर्नेछ ।

९. **दरखास्त दिनुपर्ने** : (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले दफा (८) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोहि सूचनामा तोकिएको ढाँचा र स्थानमा दरखास्त दिनुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम दरखास्त फारामको ढाँचा प्रत्येक विधाका लागि एउटै वा छुट्टाछुट्टै व्यवस्था गर्न सक्नेछ ।

१०. **वडाभित्र न्युनतम योग्यता प्राप्त विद्यार्थी नभएमा सर्वोत्कृष्ट नतिजा ल्याउने अन्य सामुदायिक विद्यालयका इच्छुक विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने** : (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि कुनै वडाभित्रका सामुदायिक विद्यालयबाट दफा ४ को खण्ड (क) बमोजिम न्युनतम योग्यता प्राप्त विद्यार्थी नभएमा अन्यत्र स्थानको सामुदायिक तथा निजी विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरी वडाभित्र स्थायी बसोबास गर्ने विद्यार्थीलाई यस कार्यविधि बमोजिमको छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित व्यवस्था बमोजिमको विद्यार्थीको उपलब्धता सम्बन्धित वडामा नभएमा गाउँपालिका क्षेत्रभित्र सर्वोत्कृट नतिजा ल्याउने अन्य सामुदायिक विद्यालयका इच्छुक विद्यार्थीहरुलाई दामासाहीका दरले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्ति प्रदान गरिनेछ ।

(३) शिक्षा तथा सामाजिक विकास शाखाले दफा ४ को खण्ड (क) बमोजिमको अवस्था भए नभएको विवरण प्रत्येक वर्षको एस.ई.ई.को नतिजा सार्वजनिक भएको सात दिन भित्र तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) तथा उपदफा (२) बमोजिमको विवरण प्राप्त भए पश्चात् समितिले उपदफा (१) मा उल्लेख भए बमोजिम विद्यार्थी छनोट सम्बन्धी सम्पूर्ण प्रकृया अघि बढाउने छ ।

११. **प्रवेश परीक्षा सञ्चालन गर्न सकिने** : (१) यस कार्यविधि बमोजिम उपलब्ध गराईने प्राविधिक शिक्षा अध्यापन गराउन शिक्षण संस्थाले प्रवेश परीक्षा सञ्चालन गर्ने भएमा प्रत्येक वडाबाट छात्रवृत्ति कार्यक्रमका लागि छनोट हुने विद्यार्थीले शिक्षण संस्थामा आफ्नै खर्चमा गई प्रवेश परीक्षामा सहभागी हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन भएको प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीलाई मात्र यस कार्यविधि बमोजिमको छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**१२. कबुलियतनामा गर्नु पर्ने :** दफा (११) को उपदफा (२) बमोजिम सञ्चालन भएको प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीले अध्ययनमा जानु अघि नै कार्यालय समक्ष अनुसूची १ बमोजिमको ढाँचामा तीन प्रति कबुलियतनामा गर्नु पर्नेछ ।

**१३. अभिलेख राखिने :** समितिले छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र, सो अद्यावधिक विवरण प्रत्येक वर्ष सार्वजनिक समेत गर्नु पर्नेछ ।

**१४. छात्रवृत्ति वापत्को रकम भुक्तानी :** यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि छनोट भई दफा (१२) बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम गाँउपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट कार्यालयले दफा (३) अनुसार सम्बन्धित शिक्षण संस्थासँग गरेको सम्झौता बमोजिम सोझै सम्बन्धित शिक्षण संस्थाको बैंक खातामा जम्मा हुने गरी पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्न सक्नेछ ।

**१५. विषय परिवर्तन गर्न नपाउने :** छात्रवृत्तिमा छनोट भई अध्ययन गरिरहेको विद्यार्थीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय परिवर्तन गर्न पाउने छैन ।

**१६. जानकारी गराउनु पर्ने :** (१) विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी सकेपछि निजले प्रमाणपत्र प्राप्त गर्नु अघि सम्बन्धित शिक्षण संस्थाले गाँउपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र विद्यार्थीले लिखित जानकारी र प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ र, गाँउपालिकाले तोके बमोजिमको सेवा उपलब्ध गराउनुपर्नेछ ।

**१७. ब्याज सहितको रकम असूल उपर गरिने :** (१) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको दफा (५) बमोजिम छात्रवृत्ति रद्ध भएमा वा गाँउपालिकाले खटाएको काममा संलग्न नभएमा त्यस्तो लाभग्राहीको छात्रवृत्तिमा लागेको सम्पूर्ण रकम र सोमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको ब्याज रकम सरकारी बाँकी सरह त्यस्तो विद्यार्थीबाट असूल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन कै क्रममा गम्भीर विरामी भएको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित विद्यार्थीको काबुबाहिरको परिस्थिति परी अध्ययन गर्न नसकेको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा वा लाभग्राहीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रकम समितिको सिफारिसमा कार्यपालिकाले मिनाहा गर्न सक्नेछ ।

**१८. <u>पुनः छात्रवृत्तिमा छनोट नगरिने</u>** : छात्रवृत्तिमा छनोट भएको कुनै विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन दफा (१७) को उपदफा (२) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा पूरा नगरी छाडेमा वा गाँउपालिकाले खटाएको काममा संलग्न नभएमा वा यस कार्यविधिमा तोकिए बमोजिमको शर्त पूरा नगरेमा गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्ति लगायत अन्य कुनै सेवा सुविधामा छनोट गरिने छैन ।

**१९. <u>प्रतिवेदन पेश गर्ने</u>** : प्रत्येक वर्ष प्रदान गरिएको छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धी मूल्यांकन, छात्रवृत्ति कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२०. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>** : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन आइपरेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

## <u>अनुसूची १</u>

(कार्यविधिको दफा १२ सँग सम्बन्धित)

**सिरीजङ्घा गाउँपालिका वडा नं. ... निवासी श्री ........................ ले सिरीजङ्घा गाउँपालिकासँग गरेको**

## <u>कबुलियतनामा</u>

ताप्लेजुङ जिल्ला सिरीजङ्घा गाउँपालिका, वडा नं. ... निवासी श्री ........................को छोरा वर्ष .. को म श्री .......................... ले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङको मिति २०७ । । गतेको निर्णयानुसार श्री ................................................................ ( प्राविधिक शिक्षा अध्यापन गराउने शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २०७ । । देखी सञ्चालन हुने कृषि विज्ञान/पशु विज्ञान विधा तर्फको प्रवीणता प्रमाणपत्र तह वा सो सरहको तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रममा सिरीजङ्घा गाउँपालिकाबाट उपलब्ध गराइने निःशुल्क प्राविधिक शिक्षा छात्रवृत्तिमा छनोट भए अनुसार उक्त कार्यक्रममा सहभागी हुन जान लागेकोले मैले **सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** को दफा १२ अनुसार देहाय बमोजिम यो कबुलियतनामा पेश गरेको छु ।

(क) उल्लिखित अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री ...................................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु । अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु ।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि **सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** को पूर्णरुपमा पालना गर्नेछु ।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात कम्तीमा एक वर्ष सिरीजङ्घा गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु ।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन । मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन । अध्ययन पूरा गरे पश्चात गाँउपालिकाले खटाएको काम गर्नेछु । अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् स्वीकृत कार्यविधिमा उल्लेख भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा सिरीजङ्घा गाउँपालिकाले छात्रवृत्तिको रुपमा ममाथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा सिरीजङ्घा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु ।

| | |
|---|---|
| **<u>कबुलियतनामा गराउने अधिकारीको नाम, थर</u> :**<br>नाम, थर : श्री<br>पद : प्रमुख प्रशासकीय अधिकृत<br>कार्यालय : सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ ।<br>मिति :<br>दस्तखत :....................................<br>**<u>रोहबरमा बस्नेको नाम, थर र दस्तखत</u>**<br>१. वडा अध्यक्ष श्री<br>२. शिक्षा अधिकृत श्री | **<u>कबुलियतनामा गर्नेको नाम थर</u> :**<br>नाम, थर : श्री<br>ठेगाना :<br>मिति :<br>दस्तखत : .................................<br>**<u>रोहबरमा बस्ने अभिभावकको नाम, थर र दस्तखत</u>** |

**आज्ञाले,**
**श्री सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।**